# चामुण्डाविन्द्रासैनी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश नेपाल

मिति २०७५/०५/२७

पत्र संख्या

चलानी नं.

## चामुण्डाविन्द्रासैनी नगरपालिकाको अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय दैलेखबाट मिति २०७५ जेठ २२ गतेको पत्र संख्या ०७४/०७५ चलानी नं. २६३८ को लागु औषध अपराध र मदिरा नियन्त्रण सम्बन्धी कार्ययोजना २०७४ को प्रतिलिपि सहितको प्राप्त पत्र चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकाको मिति २०७५ साल जेष्ठ २९ गतेको निर्णय नं. १ बमोजिम २०७५ साल असार ३२ गतेको नगरसभाले मदिरा नियन्त्रण कार्यविधि लागु गरि यस नगरपालिकाको क्षेत्रभित्र समाजमा शान्ति शुव्यस्था कायम गर्न, समाजमा रहेको विभिन्न किसिमका विकृति, विसंगति र दण्डहिनताको अन्तय गर्ने कार्यमा लागु औषध र मदिरा बाधकको रुपमा रहेको महसुस गर्दै यसको खुल्ला प्रयोगले राष्ट्रले समेत ठूलो क्षेति बेहोर्नु परेको विषयलाई मध्यनजर गर्दै, देशको अमुल्य जनशक्ति युवा पिढि लागु औषध दुर्व्यशनको चपेटामा पर्न गई राष्ट्रले अझ ठूलो क्षेति वेहोर्नपर्ने कुराको महसुस गरी चामुण्डाविन्द्रासैनी नगरपालिकाले मदिरा पुर्णरुपमा निषेधित, सबै बजार पसलहरुमा अवैद्य रुपमा कुनैपनि खाले मदिरा बेचविखन गर्न र सार्वजनिक स्थलमा मदिरा सेवन गर्न, आयत गर्न, मदिरा उत्पादनमा प्रयोग हुने खम्बिराको बेचविखनमा निषेध र सार्वजनिक स्थलमा मदिरा सेवन गरी होहल्ला मच्चाउने कार्यमा रोक लगाईएको व्यहोरा सबैमा अवगत नै छ। चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्र फेरीपनि छुटफुट रुपमा घरेलु उत्पादन गर्ने, इजाजत पत्र विना मदिरा विक्रि वितरण गरेको भनि सार्वजनिक रुपमा जन गुनासो आएको हुनाले नगरपालिकाको मिति २०७५ साल भाद्र २६ गते बसेको कार्यपालिकाको बैठकले पुनः मदिरा नियन्त्रण गर्नका लागि अनुगमन गरी कारवाही प्रक्रियालाई अगाडी बढाउने भनि निर्णय भएकाले सबैको जानकारी लागि पुनः सूचना प्रकाशन/प्रशारण गरिएको छ। अनुगमन समितिले अनुगमन गर्दा कोही कसैले मदिरा उत्पादन, विक्रि वितरण गरेको पाइएमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको मदिरा नियन्त्रण कार्यविधि-२०७५ बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

चामुण्डा विन्द्रासैनी नगरपालिका, दैलेख